# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

(अभियोग पत्र दायर भएको सम्बन्धमा जारी)

मितिः २०७७/१२/१३

संयुक्त राज्य अमेरिका, स्टेट अफ टेक्सास विरुद्ध पंकज जोशी भएको फ्रड सम्बन्धी मुद्दामा निज पंकज जोशीले फ्रड गरेको रकम अमेरिका स्थित जे.पी. मोर्गन चेज बैंकबाट बैंक अफ काठमाडौंमा ट्रान्सफर गरी पठाएको हुँदा आवश्यक सहयोगका लागि भनी संयुक्त राज्य अमेरिकाको डिपार्टमेन्ट अफ जस्टिसको मिति अक्टुवर ३०, २००९ पत्र समेतबाट प्राप्त सूचना/उजुरी समेतका उपर सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान हुँदा प्रतिवादी पंकज जोशीले तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ग) बमोजिमको निषेधित ठगी समेतका गतिविधिहरु गरी सोही ऐनको दफा ३ ले निषेधित सम्पत्ति शुद्धीकरणको कसुर अपराध र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित अनुसूचीको १ (झ) समेतको कार्य गरी गराई ऐ. उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिंदा प्रतिवादी पंकज जोशीलाई अमेरिकी डलर $२९०००० बाट सोही समयमा परिवर्त्य नेपाली मुद्रामा जम्मा भएको रकम सो रकमबाट बढे बढाएको समेत गर्दा हुन आउने कुल रकम रु. २०८८३२४२।७३ वीगो कायम गरी तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क) तथा प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन र यिनै प्रतिवादीका नाउँमा आईसिफसि फाइनान्समा रहेको खातामा देखिएको मौज्दात रकम रु. ७७८४२।७५ र सोबाट बढेबढाएको व्याज सहित उक्त खाता एवं लागेको वीगो वापतको रकम तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) तथा प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) को देहाय (क) बमोजिम जफत गरी पाउन मागदावी लिई आज श्री विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

सूचना अधिकारी